**६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा संचालन सम्बन्धी व्यवस्थाः-**

गाउँ पालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**७. शिक्षाको माध्यमः-**

(१)विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा, अवधिभाषा, मातृ भाषा सबै हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम भाषा देहाय बमोजिम हुन सक्नेछ :-

(क) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ ।

(घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा माध्यम अंग्रेजी भाषामा नै गराउने पर्नेछ।

(ङ) सामुदायिक विद्यालयले अंग्रेजी माध्यममा पढाउन गाउँ पालिका बाट अनुमति लिनु पर्नेछ ।

**८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः-**

विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरूप सिकाइ उपलब्धी हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ। विद्यालयले नेपाल सरकारले तोकेको मापदण्डभित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ। सो प्रयोजनको लागि गाउँ पालिकाले स्थानीय पाठ्यक्रम विकास समिति गठन गर्न सक्नेछ ।

**९. गाउँ शिक्षा समितिः-**

(१) गाउँ पालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि गाउँ कार्यपालिकाले तोकिएबमोजिम गठन गर्नेछ ।

(२) समितिका पदेन संदस्य बाहेक मनोनित सदस्यको कार्यकाल ५ वर्षको हुनेछ ।

(३) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा आधिकारीक निकायले हटाउन वा वर्खास्त गर्न सक्नेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि सुनुवाईको अवसरवाट वञ्चित गरिने छैन ।

**१०. गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**११. गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकार :-**

गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१२. प्रशासकीय प्रमुखको काम, कर्तव्य र अधिकार :-**

प्रशासकीय प्रमुखको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१३. शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकारः-**

शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।



केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष